एजेण्डाहरु

- समीक्षा
- कोभिड १९ को रोकथाम तथा नियन्त्रण
- मनसुन पूर्वतयारी तथा DPRP अद्यावधिक गर्ने सम्बन्धमा
- विविध

निर्णयहरु

१. जिल्ला विपद व्यवस्थापन समितिको पछिल्लो बैठकको निर्णयको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो। सो सम्बन्धमा कार्यान्वयन गर्न बाँकी विषयहरु अविलम्ब कार्यान्वयन गरी सो को जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने निर्णय गरियो।

२. मुलुकका विभिन्न जिल्लाहरुमा कभिड -१९ को संक्रमणको दर तीव्र हुँदै गएको र यस जिल्लामा समेत संक्रमण देखिकोले सम्भावित विपदको अवस्थालाई मध्यनजर गरी कोभिड- १९ को जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय विपद व्यवस्थापन समिति लगायत विपद तथा स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, निजी सबै निकाय तथा संघसंस्थाहरुलाई परिचालन गरी भइरहेका कामलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

३. बर्षातको समय नजिकिंदै गएको हुँदा बर्षातको समयमा हुनसक्ने सम्भावित विपद जोखिमको अवस्थालाई न्यूनीकरण गर्न अद्यावधिक गरिएको जिल्लास्तरको मनसुन आपतकालीन कार्ययोजना पारित गरी लागू गर्ने निर्णय गरियो ।साथै जिल्लास्तरीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan) सहायक प्रमुख जिल्ला अधिकारीको मार्गनिर्देशनमा रही अद्यावधिक गरी २०७७ असार २० गते भित्र पेश गर्नको लागि नेपाल रेडक्रस सोसाईटी नुवाकोट शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

४. जिल्लास्थित पूर्वाधार विकास (विशेष गरी सडक) सँग सम्बन्धित कार्यालयहरुले आवश्यक पर्ने यन्त्र उपकरण तथा सामग्री तयारी अवस्थामा राखी विपद्को समयमा कुनै पनि हालतमा सडक अवरोध हुन नदिने व्यवस्था मिलाउने निर्णय गरियो ।

५. मनसुनी बर्षा शुरु हुनु पूर्व नै सबै स्थानीय तहहरुलाई आ-आफ्नो क्षेत्रभित्रका जोखिमजन्य संरचनाहरु पहिचान गरी यथासम्भव सोको संरक्षण गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो।

६. बर्षातको समयमा नदीजन्य पदार्थको उत्खनन् तथा संकलनका कार्य गर्दा बाढी पहिरो तथा भूक्षय लगायतको जोखिम बढ्ने भएकोले बर्षातको अवधिभर सबै स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्रका नदीजन्य पदार्थको उत्खनन संकलन लगायतका कार्यलाई पूर्णरुपमा रोक लगाउने निर्णय गरियो।

७. प्रत्येक स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्रको बाढी पहिरोबाट क्षति हुन सक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी अनुमानित घर परिवाहरुको संख्यात्मक विवरण तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने साथै बाढी पहिरो लगायतका विपद्जन्य घटनाको कारणबाट व्यक्तिहरुको आवास तथा जीउ ज्यानमा क्षति हुन पुगेमा सम्वन्धित स्थानीय तहले दोहोरो नपर्ने गरी कानून बमोजिम तत्काल राहत वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

८. जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, रेडक्रस लगायतका संस्थाहरु विपद् प्रतिकार्यको लागि शीघ्र परिचालन हुनसक्ने गरी तयारी अवस्थामा रहने निर्णय गरियो ।

९. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने त्रिशुली अस्पताल र स्वास्थ्य कार्यालय नुवाकोटको माग सूची बमोजिमका स्वास्थ्य सामग्रीहरु उपलव्ध गराउनको लागि कोभिड-१९ संकट व्यवस्थापन केन्द्र छाउनीलाई अनुरोध गर्ने निर्णय गरियो।

१०. जिल्लास्थित संचार माध्यमहरुलाई विपद् पूर्वतयारी खोज तथा उद्धार सँग सम्बन्धित जन चेतनामूलक सामग्रीहरु तयार गरी प्रकाशन तथा प्रशारण गर्न अनुरोध गर्ने निर्णय गरियो।

११. कोभिड-१९ को संक्रमण बृद्धि हुँदै गइरहेको र स्वाब परीक्षणको नतिजा समयमै प्राप्त गर्न कठीनाई भइरहेको हुँदा PCR परीक्षण गर्ने मेशीन खरिद गरी जिल्लामा नै सञ्चालन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी +DCMC बैठकमा पेश गर्न स्वास्थ्य कार्यालय, नुवाकोट र त्रिशुली अस्पताललाई निर्देशन दिने निर्णय गरियो ।